# श्री चन्द्रागिरि नगरपालिका न्यायिक समिति

## चन्द्रागिरि नगरपालिका न्यायिक समिति

संयोजक : श्री बसन्ती श्रेष्ठ

सदस्य : श्री रत्नलाल श्रेष्ठ

**बाट भएको निर्णय :**

मुद्दा नं. : ०८२-०१-०१०

निर्णय नं. ३३

दायरी मिति : २०८२/१२/२२

निर्णय मिति : २०८३/०३/२४

चन्द्र बहादुर थापाको छोरा काठमाडौँ जिल्ला, चन्द्रागिरि नगरपालिका वडा नं. १५ बस्ने वर्ष ५५ को विष्णुहरि थापा ..........१ — फिरादी / वादी

**विरुद्ध**

सीताराम तामाङको बुहारी, कुमार तामाङको श्रीमती, काठमाडौँ जिल्ला, चन्द्रागिरि नगरपालिका वडा नं. १५ बस्ने वर्ष ४५ कि कुमारी लामा घले ..........१

विश्वनाथ पुडासैनीको छोरी, माधव प्रसाद गौतमको श्रीमती, काठमाडौँ जिल्ला, चन्द्रागिरि नगरपालिका वडा नं. १५ बस्ने बर्ष ३३ कि गायत्री पुडासैनी ..........१

कृष्ण सिंहको छोरी, विरेन्द्र शाहको श्रीमती, काठमाडौँ जिल्ला, चन्द्रागिरि नगरपालिका वडा नं. १५ बस्ने बर्ष ३३ को लक्ष्मी शाही ..........१

तुलाराम गिरीको बुहारी, विकास गिरीको श्रीमती, काठमाडौँ जिल्ला, चन्द्रागिरि नगरपालिका वडा नं. १५ बस्ने बर्ष ३७ कि सृजना खत्री ..........१

— विपक्षी / प्रतिवादी

**मुद्दा :- अव्यवस्थित ढल निकास बन्द गरी न्याय गरी पाउँ ।**

**वादीको साक्षी :**

क)

**प्रतिवादीको साक्षी :**

क)

**प्रमाण :**

**प्रमाण :**

क) नागरिकता प्रमाणपत्रको प्रतिलिपी .............. १
ख) जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपी .............. १
ग) नापी नक्साको प्रतिलिपि ............................१

क) नागरिकता प्रमाणपत्रको प्रतिलिपी ..........१

**प्रमाण :**

क) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी ........

चन्द्रागिरि नगरपालिका नगर कार्यपालिकाको कार्यालय काठमाडौं, बागमती प्रदेश, नेपाल

न्यायिक समितिबाट बुझेको :

**साक्षी :**

**प्रमाणहरू :**

क) मिति २०८३/०२/०६ मा भएको आदेशानुसार दर्ता नं. ९०८८, दर्ता मिति २०८३/०३/२३ मा प्रतिवेदन पेश गरेको बारे विषयको पत्रमा स्थलगत अनुगमन गर्दा काठमाडौं जिल्ला साविक तिनथाना गा.वि.स. वडा नं. ६ को कि.नं. १७६६ को क्षेत्रफल ०-४-३-० जग्गामा गई स्थलगत निरीक्षण गर्दा प्याराडाईज स्कुल भन्दा तल देखिको आकाशको पानी तथा ढलको प्रदुषित पानी जम्मा भएको, बगेको देखिएको भनी अ.स.ई. सन्जु रेग्मीको फिल्ड निरीक्षण प्रतिवेदनमा देखिन्छ। ................................................................................................ १

**वादीको दावीको संक्षिप्त व्यहोरा :**

१. विपक्षीहरू मेरो छिमेकी भएतापनि कुनै नाता सम्बन्ध घनिष्ठता र चिनजान समेत छैन। मेरो नाममा मालपोत कार्यालय, कलंकीमा दर्ता प्रमाणित रहेको काठमाडौं जिल्ला साविक तिनथाना गा.वि.स. वडा नं. ६ को कि.नं. १७६६ को क्षेत्रफल ०-४-३-० जग्गा पैत्रिक सम्पत्ति हो। मेरो जग्गा उत्तरतर्फ गोरेटो बाटो, पूर्वतर्फ पक्की ढलान बाटो, पश्चिमतर्फ विपक्षी कुमारी लामा घलेको पक्की घर रहेको छ। विपक्षीहरूको घरको पानी निकास नभएकोले विपक्षीहरू मध्येका कुमारी लामा घलेको घरको दक्षिण पूर्वतर्फ पाईप राखि सोफिट निर्माण नगरी पानीलाई सिधैं मेरो जग्गामा खसालिएकोले जग्गा भोगचलन समेत गर्न सकेको छैन। नेपालको प्रचलित ऐन, कानून विपरितको गैह्र कानूनी कार्यलाई रोकी अव्यवस्थित ढल निकास बन्द गरी न्याय पाउँ भनी वादी विष्णुहरी थापाको फिराद माग दावी रहेको छ।

**प्रतिवादीको प्रतिदावीको संक्षिप्त व्यहोरा :**

२. (क) म प्रतिवादीले आफ्नो नाममा रहेको जग्गामा स्थानीय तहले तोकेको मापदण्ड अनुसार घर निर्माण गरी भोग चलन गर्दै आईरहेको छु। वादीले अनुमान र आशंकाको आधारमा भविष्यमा सम्भावित हुनसक्ने विषयको ठोस प्रमाण समेत पेश नगरी दर्ता भएको फिरादको अधारमा कारबाही प्रक्रिया अगाडी बढाउन मिल्दैन। वादीले अनावश्यक विवाद सिर्जना गरी अवरोध उत्पन्न गर्ने मनसायले दायर गरेको फिराद स्वीकार गर्नु न्यायको सिद्धान्त विपरित हुने भएकोले प्रथम चरणमै खारेज (Dismiss) गरी न्याय पाउँ भनी प्रतिवादी कुमारी लामा घलेको प्रतिउत्तर जिकिर रहेको छ।

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

(ख) हामी प्रतिवादीले हाम्रो जग्गाभित्र संरचना निर्माण, पानीको निकास व्यवस्थापन प्रणालीले प्रत्यक्ष र वास्तविक रुपमा वादीलाई असर गरेको छैन । केवल अनुमान र आशंकाको आधारमा फिराद दर्ता गर्नु कानून सम्मत मान्न सकिँदैन । कानूनले वास्तविक हानी भएको अवस्थामा मात्र उपचार प्रदान गर्ने हो । वादीले अनावश्यक रुपमा विवाद सिर्जना गरी हामीलाई दुःख हैरानी दिने, सामाजिक सद्भाव खलबल्याउने र आफ्नो अभिष्ट पुरा गर्ने उद्देश्यले हामीलाई नभए नगरेको निराधार विषयको फिराद स्वीकार गर्नु न्यायको सिद्धान्त विपरीत देखिने भएकोले प्रारम्भिक चरणमै फिराद खारेज गरिनु न्यायोचित हुनेछ भन्ने प्रतिवादी गायत्री पुडासैनी समेतको प्रतिउत्तर जिकिर रहेको छ ।

**वादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :**

काठमाडौं जिल्ला साविक तिनथाना गा.वि.स. वडा नं. ६ को कि.नं. १७६६ को ०-४-३-० जग्गामा ढलको फोहोर पानी जमेको फोटोहरूबाट प्रष्ट देखिन्छ ।

**प्रतिवादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :**

प्रतिवादीले नागरिकता प्रमाणपत्रको प्रतिलिपी राखेको देखिन्छ ।

**दुवै पक्षबाट उपस्थित भएका कानुन व्यवसायीको बहसको मुख्य बुँदा :**

मेरो कि.नं. १७६६ जग्गामा विपक्षी समेतका छिमेकीहरूको घरबाट निष्कने फोहोर पानी र आकाशको पानीलाई पाईप राखि सिधैं मेरो अनुमति विना पठाएर जमेर खेतीपाती गर्न नसकेको । धेरै लामो समय देखि छलफलबाट समाधान हुन नसकेको हुँदा अव्यवस्थित ढल निकास बन्द गरी हटाई पाउँ भनी वादीको तर्फबाट गर्नु भएको बहस सुनियो ।

हामीले वादीको कि.नं. १७६६ मा ढलको फोहोर र आकाशबाट परेको पानी पठाएको छैन जमिन गहिरो भिरालो भएकोले आफैं बगेर गएको हो हामीले पठाएको होईन भनी प्रतिवादी समेतको तर्फबाट गर्नु भएको बहस सुनियो ।

**दुवै पक्ष बिचमा फरक परेको विषय :**

काठमाडौं जिल्ला साविक तिनथाना गा.वि.स. वडा नं. ६ को कि.नं. १७६६ मा विपक्षी समेतका छिमेकीहरूको घर कम्पाउण्ड वालबाट ढलको फोहोर पानीलाई अव्यवस्थित रुपमा वादीको जग्गामा खसालेको हो, होईन ? उक्त कि.नं. को जग्गामा छोडीएको ढल निकास बन्द गर्ने नगर्ने विषयमा मुख नमिलेको देखिन आयो ।

## निर्णय खण्ड

नियम बमोजिम पेशी सूचीमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा फिराद-पत्र सहितको मिसिल संलग्न कागजातहरू अध्ययन गरी वादीको तर्फबाट उपस्थित हुनु भएका वारिस प्रविन थापाले मेरो कि.नं. १७६६ मा प्रतिवादीहरूको घर कम्पाउण्डबाट अव्यवस्थित ढलको फोहोर पानी पाईप हाली पठाएर जग्गामा केहि पनि गर्न नमिल्ने गरी दुःख दिएको हुँदा कानून विपरीत भएकोले ढल हटाई पाउँ भनी गर्नु भएको बहस सुनियो । त्यसैगरी प्रतिवादीहरूको तर्फबाट निजहरूले हामीले

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

वादीको कि.नं. १७६६ मा ढलको फोहोर र आकाशबाट परेको पानी पठाएको छैन जमिन गहिरो भिरालो भएकोले आफैं बगेर गएको हो हामीले आफैं नपठाएको कानुन विपरीतको फिराद बदर गरीपाउँ भनी गर्नु भएको बहस सुनियो।

प्रस्तुत विवादमा वादी तथा प्रतिवादी समेतले गर्नु भएको बहस जिकिर सुनी मिसिल संलग्न प्रमाण कागजातहरूको अध्ययन गरी प्रस्तुत मुद्दामा वादीको दावी बमोजिम अव्यवस्थित ढल निकास बन्द गर्नुपर्ने हो, होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

विपक्षीहरूले काठमाडौं जिल्ला साविक तिनथाना गा.व.स. वडा नं. ६ को कि.नं. १७६६ को क्षेत्रफल ०-४-३-० जग्गामा विपक्षी मध्येका कुमारी लामा घलेको घरको दक्षिण पूर्वतर्फ पाईप राखि सिधैं झारेकोले जग्गा भोगचलन गर्न नमिलेको हुँदा नेपालको प्रचलित ऐन, कानून विपरितको गैह्र कानूनी कार्यलाई रोकी अव्यवस्थित ढल निकास बन्द गरी न्याय पाउँ भनी वादी विष्णुहरी थापाको फिराद माग दावी रहेकोमा हामी प्रतिवादीलाई वादीले अनावश्यक रुपमा विवाद सिर्जना गरी हामीलाई दुःख हैरानी दिने, सामाजिक सद्भाव खलबल्याउने र आफ्नो अभिष्ट पुरा गर्ने उद्देश्यले हामीलाई नभए नगरेको निराधार विषयमा अनुमान र आशंकाको आधारमा भविष्यमा सम्भावित हुंनसक्ने विषयको ठोस प्रमाण समेत पेश नगरी दर्ता भएको फिराद प्रथम चरणमै खारेज गरी न्याय पाउँ भनी प्रतिवादी कुमारी लामा घले समेतको प्रतिउत्तर जिकिर रहेको छ।

प्रस्तुत विवादमा प्रतिवादीहरूको घर कम्पाउण्डबाट फोहोर पानी पठाउन राखेको भनिएको ढलको फिल्ड निरीक्षण गर्दा प्रदुषित फोहोर ढलको पानी पठाएर वादीको कि.नं. १७६६ जग्गालाई असर पुऱ्याएको पाइयो। प्रस्तुत विवाद स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा (१) को देहाय (ञ) बमोजिम न्यायिक समितिको क्षेत्राधिकार भित्र रहको पाइयो। उक्त उपदफामा "आफ्नो घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको" र मुलुकी देवानी संहिता, २०७४ को दफा २८१ मा घर वा बलेसीको पानी झार्न नपाउने "कसैले पनि आफ्नो घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झार्न पाउने छैन।" भन्ने कानुनी व्यबस्था रहेको छ। प्रतिवादी कुमारी लामा घले समेतले प्रतिउत्तरमा हाम्रो कार्यबाट कुनै प्रतिकुल असर नपरेको भनी जिकिर लिएको भएतापनि न्यायिक समितिको मिति २०८३/०२/०६ मा स्थलगत निरीक्षण प्राविधिक प्रतिवेदन समेतबाट यि प्रतिवादीहरूले प्रदुषित फोहोरमैला युक्त पानी एकिकृत गरी वादीको कि.नं. १७६६ को जग्गामा सम्बन्धित जग्गाधनीको सहमति बेगर खसालेको देखिन आयो। उक्त कार्य कानून विपरितको भएको हुँदा वादी दावी बमोजिम अव्यवस्थित ढल निकास बन्द गरी ढलको पाईप हटाई दिने निर्णय गरियो। अरुमा तपसिल बमोजिम गर्नु।

**<u>तपसिल खण्ड :</u>**

(क) विपक्षीहरूलाई यस निर्णयमा चित्त नबुझे श्री काठमाडौं जिल्ला अदालतमा पुनरावेदन गर्न जानु भनी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५१ बमोजिम ३५ दिने पुनरावेदनको म्याद दिनु ....................................................................................... १

(ख) माथि निर्णय खण्डमा लेखिए बमोजिम वादीको कि.नं. १७६६ जग्गामा झारिएको फोहोर प्रदुषित ढलको पाईप नगर प्रहरी परिचालन गरी वडा प्रतिनिधीको रोहवरमा हटाई बन्द गर्नु। ..... २

(ग) निर्णयको माग गर्ने सरोकारवालाबाट नियमानुसार लाग्ने नक्कल दस्तुर लिई रित पुऱ्याई नक्कल दिनु ........................................................................................ ३

(घ) प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी निर्णयको विद्युतीयप्रति नगरपालिकाको वेवसाइट प्रणालीमा अपलोड गरी मिसिल अभिलेख शाखामा बुझाईदिनु। .................................... ४

रत्नलाल श्रेष्ठ
सदस्य

बसन्ती श्रेष्ठ
संयोजक

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

निर्णय तयार गर्न सहयोग पुऱ्याउने

चिरञ्जीवी खड्का

न्यायिक सहजकर्ता

निरञ्जन गोपाल बर्तौला शर्मा

इति सम्वत् मिति २०८३ साल असार महिना २४ गते रोज ०४ शुभम् ..................................